# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं, वैशाख ४ गते २०५३ साल (अतिरिक्ताङ्क २

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवा जनवादी गणतन्त्र चीनका प्रधानमन्त्री श्री ली फङको मैत्रीपूर्ण निमन्त्रणामा २०५३ साल वैशाख ४ गते मित्रराष्ट्र चीनको औपचारिक भ्रमणमा जानु भएकोले उहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने कार्यहरूका साथै उहाँले सम्हाली आउनु भएको राजदरबार सम्बन्धी र रक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय श्रम मन्त्री श्री बलबहादुर राईले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय परराष्ट्र मन्त्री डा. प्रकाशचन्द्र लोहनी र माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री श्री बुद्धिमान तामाङ सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाको मित्रराष्ट्र चीनको औपचारिक भ्रमणका क्रममा भ्रमण दलमा सम्मिलित भई २०५३ साल वैशाख ४ गते त्यसतर्फ जानु भएकोले उहाँहरूको अनुपस्थितिमा उहाँ-हरूले सम्हाली आउनु भएको मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा देहायबमोजिम माननीय मन्त्रीहरूले सम्हाल्नु हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| १. परराष्ट्र मन्त्रालयको कार्यभार | माननीय वाणिज्य मन्त्री श्री फत्तेहसिंह थारु |
| २. भूमिसुधार तथा व्यवस्था मन्त्रालयको कार्यभार | माननीय आवास तथा भौतिक योजना मन्त्री श्री बालाराम घर्तिमगर । |

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार

92



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।